## नेपाल : एक दशक लामो द्वन्द्वका क्रममा भएका अपराधमा पीडितलाई न्यायबाट वञ्चना

### *जवाफदेहीताको अभावले वर्तमान सुरक्षामा प्रभाव पार्ने*

(काठमाडौं, २९ मंसिर २०६७) एक दशकभन्दा बढी चलेको अनि २०६३ मा अन्त्य भएको सशस्त्र द्वन्द्वमा भएका गैरन्यायिक हत्या, जबर्जस्ती बेपत्ता, यातनालगायत अन्य हजारौं अपराधका सम्बन्धमा नेपाल सरकारले कदम चाल्नबाट चुकेको छ, ह्युमन राइट्स वाच र एड्भोकेसी फोरमद्वारा संयुक्त रुपमा प्रकाशित प्रतिवेदनमा उल्लेखित छ । जवाफदेहीताको यही अभावले गर्दा देशका विभिन्न भागमा कानुन तथा शान्ति सुरक्षा बिग्रिरहेको अवस्था छ, ह्युमन राइट्स वाच र एड्भोकेसी फोरमले भने ।

*न्यायप्रति उदासीनता : नेपालमा भएका अपराधहरुमा दण्डहीनता* शीर्षकमा प्रकाशित ६० पृष्ठ लामो प्रतिवेदनले सरकारलाई द्वन्द्वका दौरान गरिएका अपराधमा जिम्मेवारलाई अनुसन्धान र कारबाही गर्नका लागि आह्वान गरेको छ र द्वन्द्व अन्त्य भएपश्चात्का अपराधमा समेत न्यायप्रति उदासीनता कायमै रहेको भनी देखाउनका लागि तीन प्रतिनिधिमूलक मुद्दाहरूको अभिलेखन गरेको छ । यी अपराधका सम्बन्धमा कारबाही अगाडि बढाउने २०६३ को विस्तृत शान्ति सम्झौतामा उल्लेखित प्रतिबद्धतालाई पूरा गर्नबाट सरकार चुक्नुमा राजनीतिक इच्छाशक्ति र सर्वसम्मति, अस्थिरता र शान्ति प्रक्रियामा प्रगति नहुनु प्रमुख कारण हुन्, ह्युमन राइट्स वाच र एड्भोकेसी फोरमले भने ।

"हत्या, यातना तथा बेपत्ताका लागि जिम्मेवार व्यक्तिमाथि कारबाही नगर्दा उनीहरुलाई न्यायको दायराबाट बच्न मदत पुग्छ र उनीहरु अदालतका आदेशको उल्लंघन गर्नसमेत पछि पर्दैनन्," ह्युमन राइट्स वाचकी एसिया उपनिर्देशक इलेन पियर्सन भन्नुहुन्छ । "विगतका अपराधीलाई जवाफदेही नबनाएसम्म हालैका घटनामा संलग्न पीडकलाई आफू कारबाहीबाट उन्मुक्ति पाउनेछौं भन्ने सन्देश जान्छ ।"

यो प्रतिवेदन २०६४ मा *न्यायको पर्खाइमा : नेपालको सशस्त्र द्वन्द्वका अदण्डित अपराधहरु* र २०६६ मा प्रकाशित *अझै न्यायको पर्खाइमा : नेपालमा दण्डहीनताको निरन्तरता*को नवीन संस्करण हो । ह्युमन राइट्स वाच र एड्भोकेसी फोरमले २०५९ र २०६३ का बीचमा भएका हत्या, बेपत्ता र यातनाका ६२ वटा मुद्दामा गरेको अभिलेखनका प्रगतिको उल्लेख यसमा गरिएको छ । यीमध्ये अधिकांश अपराध सुरक्षाकर्मीले गरेका थिए भने केही घटनामा माओवादीको संलग्नता थियो । मारिएका तथा बेपत्ता भएका परिवारजनले प्रहरीमा विस्तृत जाहेरी लिएर गएको भएपनि नेपाली न्याय व्यवस्थाले यी जाहेरीमा सुनुवाइ गर्नबाट नराम्ररी चुकेको छ, ह्युमन राइट्स वाच र एड्भोकेसी फोरमले भने ।

यी मुद्दाहरू अद्यावधिक गरिएको एक वर्ष बित्दाको अवधिमा पनि मानवअधिकारको गम्भीर उल्लंघनमा संलग्न पीडकहरूलाई नागरिक अदालतमा पेश गरी न्यायको दायरामा ल्याइएको छैन ह्युमन राइट्स वाच र एड्भोकेसी फोरमले भने । ६२ मध्ये १३ वटा मुद्दामा प्रहरीले अझै पनि जाहेरी दर्ता गर्न नमानेको अवस्था छ । केही मुद्दामा अदालतको आदेशलाई प्रहरीले टेरेका छैनन् । जाहेरी दर्ता गरेपनि अनुसन्धानका लागि गम्भीर प्रयास भएका छैनन् । राजनीति दलहरुले प्रहरीलाई अनुसन्धान नगर्नका लागि दबाब दिन्छन्, प्रहरी तथा सरकारी वकिलले न्याय प्रदान गर्न ढिलासुस्ती गर्छन्, जवाफदेहीताका विरुद्ध रहेका नेपाली सेनाजस्ता संगठनले प्रहरी अनुसन्धानमा सहयोग गर्न पूर्णतः अस्वीकार गर्छन् ।

यी मुद्दामा भएका सामान्य प्रगति असन्तुलित तथा असन्तोषदायक छन् र यी पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समूहका लगातार दबाबका परिणाम हुन् । अधिकांश मुद्दामा प्रहरीले अभियुक्तको बयानसमेत लिँदैनन् । उनीहरु सेना तथा प्रहरीलाई पत्र पठाउने काम मात्र गर्छन् । धेरै मुद्दामा सर्वोच्च तथा विभिन्न पुनरावेदन अदालतले सम्बन्धित अधिकारीहरुलाई अनुसन्धान अगाडि बढाउन आदेश दिएपनि यस्ता आदेशहरु प्रायः बेवास्ता गरिन्छन् ।

कुनै मुद्दामा राजनीतिक दबाब वा सार्वजनिक दबाबलाई मत्थर पार्न अधिकारीहरुले अनुसन्धान समिति गठन गर्ने गरेका छन् । यस्ता अनुसन्धानका नतिजा सधैँभरि त्रुटिपूर्ण हुन्छन् र कुनै सार्थक सिफारिस गरिएका छन् भने पनि अधिकारीहरुले कार्यान्वयन गर्दैनन् ।

न्यायका लागि संघर्ष गर्दा पीडित परिवारले पाइलापाइलामा अवरोध बेहोर्नुपरेको छ, एड्भोकेसी फोरमकी कार्यकारी निर्देशक मन्दिरा शर्मा भन्नुहुन्छ । नेपाल सरकारको अकर्मण्यताले गर्दा द्वन्द्वको चोट सबभन्दा बढी बेहोरेका मानिसले नै शान्तिकालमा पाइने भनिएका सुविधाबाट वञ्चित हुनुपरेको छ ।

नेपालमा न्यायका लागि अन्तर्राष्ट्रिय दबाब आएका छन् तर ती सीमित छन् । अस्ट्रेलिया र संयुक्त राज्य अमेरिकाजस्ता देशले अपराधमा संलग्न भनिएका एक माओवादी नेतालाई प्रवेशाज्ञा दिन इन्कार गरे । मैना सुनुवारको हत्यामा संलग्न मेजर निरञ्जन बस्नेतलाई संरासं शान्तिसेना मिसनबाट संरासंको अनुरोधमा चाडबाट फिर्ता बोलाइयो । प्रहरीले मैनाको हत्यामा बस्नेतलाई अभियुक्त ठहऱ्याएपनि उनलाई मिसनबाट फर्किदाँ पक्राउ गर्न सकेन । अझ, सेनाको सतही कारबाहीमा उसलाई निर्दोष ठहर गरियो जबकि नागरिक अदालतमा उनीविरुद्ध मुद्दा चलिरहेछ । गम्भीर प्रकृतिका अपराध गरेका भनी पुष्ट प्रमाण पाइएका अन्य व्यक्ति पनि सेनामा कार्यरत छन् र अझ तिनीहरुको पदोन्नति समेत भएको छ ।

जाहेरी दर्खास्त दिन आएका पीडित परिवारले अहिलेपनि समस्या भोग्नुपरेको छ । यो प्रतिवेदन तथा पहिलेका प्रतिवेदनमा समेत उल्लेख गरिएका ६२ मुद्दाका ४९ वटा जाहेरीका अलावा एड्भोकेसी फोरमले *न्यायको पर्खाइमा* प्रकाशित भएको मितिदेखि दर्जनौं अन्य परिवारलाई जाहेरी दर्ता गर्न सहयोग गरेको छ । एड्भोकेसी फोरमको अभिलेखमा आधारित रही भन्नुपर्दा द्वन्द्वकालीन र हालैका ५२ वटा मुद्दासँग सम्बन्धित ४२ वटा जाहेरी प्रहरी प्रशासनसमक्ष पेश गरेकोमा, यो प्रतिवेदन तयार पार्दाको मितिसम्म, जम्मा १० वटा जाहेरी दर्ता गरिएका छन् । २०६६ मंसिर २५ गते मानवअधिकार दिवसका दिन पीडित परिवार तथा कानुनव्यवसायीहरुले १२ जिल्लामा २८ वटा जाहेरी लिएर गए । प्रहरीले माथिको आदेश नआएसम्म कुनै पनि जाहेरी दर्ता गर्न नमिल्ने भन्दै दर्ता गर्न मानेन ।

मानवअधिकार उल्लंघनमा संलग्न भनी अभियोग लागेका व्यक्तिलाई केही देशहरूले प्रवेशाज्ञा दिएका छैनन् र संयुक्त राष्ट्रसंघले हत्याको अभियोग लागेको एक मेजरलाई शान्तिसेनाबाट फिर्ता बोलायो तर सरकारले ती अभियुक्तलाई जवाफदेही बनाउन सकेको छैन, शर्मा भन्नुहुन्छ । प्रहरीप्रति विश्वास जगाउनका लागि सरकारले प्रयत्न गर्नुपर्छ । ती प्रहरीहरु अझैपनि फौजदारी अपराधमा अनुसन्धान गर्नु त परै जाओस् जाहेरी दर्ता गर्नसमेत अस्वीकार गर्छन् ।

विगत र वर्तमानमा भएका अपराधमा दण्डहीनतालाई सम्बोधन गर्नबाट राज्य लगातार चुकेकाले विस्तृत कार्ययोजनाको टड्कारो आवश्यकता रहेको छ, ह्युमन राइट्स वाच र एड्भोकेसी फोरमले भने ।

विगतका अपराधलाई सम्बोधन गर्नका लागि संक्रमणकालीन न्यायको प्रभावकारी संयन्त्रको तत्काल स्थापनाका साथै विगत, हाल र भविष्यमा हुनसक्ने अपराधलाई अझ राम्ररी सम्बोधन गर्नका लागि राष्ट्रिय कानुन र संस्थाको विस्तृत सुधार गर्नुपर्नेछ ।

जनवरी २०११ मा जेनेभास्थित मानवअधिकार परिषद्को विश्वव्यापी अद्यावधिक समीक्षा प्रक्रिया ( युनिभर्सल पिरियोडिक रिभ्यु प्रोसेस) ले नेपालमा मानवअधिकारको लेखाजोखा गर्नेछ । यी चर्चाका साथै अनमिनको म्याद सकिनेबेला २०६७ माघमा सुरक्षा परिषद्मा हुने चर्चाले नेपालमा विद्यमान दण्डहीनतालाई सम्बोधन गर्ने प्रभावकारी संयन्त्र स्थापनाका लागि मार्ग खोल्नुपर्नेछ, ह्युमन राइट्स वाच र एड्भोकेसी फोरमले भने ।

नेपालका दातृराष्ट्र र छिमेकी राष्ट्रले गम्भीर अपराधमा संलग्न रहेका भनी विश्वसनीय प्रमाण पाइएका र उनीहरुमाथि अनुसन्धान भएको भएपनि नभएको भएपनि अपराधमा संलग्न व्यक्तिलाई प्रवेशाज्ञा दिनुहुँदैन, ह्युमन राइट्स वाच र

एड्भोकेसी फोरमले भने । संरासं शान्ति सेना विभागले छँटनी (vetting) को प्रक्रियामा सुधार ल्याउनुपर्नेछ जसले गर्दा मानवअधिकारको गम्भीर उल्लंघनका अभियुक्त शान्ति सेनामा नपुगून् ।

"विश्वव्यापी अद्यावधिक समीक्षा प्रक्रियाका बेलामा प्रस्ट कार्ययोजना ल्याएर आफ्नो छविमा सुधार ल्याउने मौका नेपालले प्रयोग गर्नुपर्नेछ," पियर्सनले भन्नुभयो । "अनमिन फिर्ता हुने समय आइसकेको सन्दर्भमा राज्यले पीडितलाई न्यायबाट वञ्चित गरिरहेमा शान्तिसुरक्षा नै खतरामा पर्छ ।"

**To read "Indifference to Duty: Impunity for Crimes Committed in Nepal," please visit:** http://www.hrw.org/node/94902

**To read the October 2009 Human Rights Watch report "Still Waiting for Justice," please visit:**
http://www.hrw.org/en/reports/2009/10/15/still-waiting-justice-0

**To read the September 2008 Human Rights Watch report "Waiting for Justice," please visit:**
http://www.hrw.org/en/reports/2008/09/11/waiting-justice-0

अन्य जनकारीका लागि सम्पर्क गर्नुहोस्,

काठमाडौंमा, मन्दिरा शर्मा (अंग्रजी, नेपाली) : ९८५१०४८४७५

काठमाडौंमा, तेज थापा (अंग्रजी, नेपाली) : ९८१३१६३८३१

बैंककमा, एलेन पिएर्सन (अंग्रेजी) : ००१६४६२९१७१६९

लण्डनमा, ब्राड आडम्स् (अंग्रेजी) : ००४४७९०८७२८३३३ (मोबाईल)

वासिङ्गटन डि.सि. मा, सोफी रिचार्डसन (अंग्रेजी, म्यान्डरीन): ००१२०२६१२४३४१, वा ००१९१७७२१७४७३ (मोबाईल)